बैठक संख्या : ४५

आज मिति २०७६ साल असौज १५ गते बुधवारको दिन विहान ७:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र बहादुर शाही | वडा १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर कार्यपालिका सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर कार्यपालिका सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर कार्यपालिका सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर कार्यपालिका सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर कार्यपालिका सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर कार्यपालिका सदस्य | | |
| २२. | श्री तिले वादी | नगर कार्यपालिका सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७६।०६।१५ गतेको नगर कार्यपालिका वैठकका निर्णयहरु

प्रस्तावहरु

१. नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्वन्धमा ।

२. सिफारिस दस्तुर सम्वन्धमा ।

३. आर्थिक सहायता सम्वन्धमा ।

४. नलगाड नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि सम्वन्धमा ।

५. नलगाड नगरपालिका खेलकुद सञ्चालन कार्यविधि सम्वन्धमा ।

६. पशुको विक्रि वितरणमा रोक लगाउने सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १ :

नलगाड नगरपालिकाका बासिन्दाहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न, शान्तिपूर्ण तथा मर्यादित वातावरण कायम राख्न, मदिराको कारणले समाजमा हुने विभिन्न किसिमका विकृति, विसंगतिहरु नियन्त्रण तथा न्यूनिकरण गर्न, सभ्य र समतामुलक समाजको निर्माण गर्न सहजीकरण गर्न नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २ :

मिति २०७४।०९।११ को नगर कार्यपालिकाको वैठकबाट पशुपंक्षीको सिफारिस दस्तुर निर्धारण गरिएकोमा उक्त दरमा परमार्जन गरी तपशिल बमोजिमको सिफारिस दस्तुर कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | विवरण | एकाई | साविक दस्तुर | नयाँ दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | भेडा/बाखा/खसी/बोका | प्रति गोटा | १०।० | ५०।० | |
| २ | गाई/गोरु/वहर | प्रति गोटा | ५०।० | १५०।० | |
| ३ | भैसी/राँगो | प्रति गोटा | १००।० | ५००।० | |
| ४ | घोडा/खच्चड/गधा | प्रति गोटा | १००।० | ५००।० | |
| ५ | हाँस/कुखुरा | प्रति गोटा | ५।० | २०।० | |
| ६ | वंगुर/सँगुर | प्रति गोटा | २५।० | ५०।० | |
| ७ | खरायो | प्रति गोटा | १०।० | २०।० | |
| ८ | कुकुर | प्रति गोटा | २५।० | ५०।० | |

निर्णय नं. ३

नलगाड नगरपालिकाका वडा नं. ६ बस्ने नगर कार्यपालिका सदस्य श्री अस्मिता वि.क.को स्वास्थ्य उपचारको लागि आकष्मिक कोषबाट रु. ८०,०००।० (अक्षरुपी असी हजार) मात्र सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

नलगाड नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

नलगाड नगरपालिकाको खेलकुद सञ्चालन कार्यविधि निर्माणको लागि नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६

पशुपालन व्यवसायलाई प्रर्वद्धन गर्न तथा दुग्धजन्य पर्दाथमा नगरपालिकालाई आत्मनिर्भर बनाउन नलगाड नगरपालिकाबाट भैसी तथा गाईहरु नगर क्षेत्र बाहिर विक्रि वितरण तथा निकासी गर्न नपाईने सर्वसम्मत निर्णय गरियो ।